**सिम्ता राजपत्र**

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: ३/१४ मिति:२०७९।१०।०६

भाग: २

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## सिम्ता कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७९ जारी गरेको छ।

# कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/१०/०६
प्रमाणीकरण मितिः २०७९/१०/०६

**प्रतावनाः** सिम्ता गाउँपालिका गाउँपालिकाको कार्यालय कृषि विकास शाखा मार्फत संचालन हुने कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न नेपालको संविधान २०७२ बमोजिम खाद्य संप्रभुताको हकको संरक्षण गर्दै राज्यले अंगिकार गरेको कृषि नीतिमा उल्लेखित किसानको हकहित संरक्षण सम्बर्द्धन गर्दै कृषि उत्पादन र उत्पादकत्व बढाउन परम्परागत कृषि प्रणालीलाइ आधुनिकीकरण र व्यावसायीकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषक, कृषि समूह र सहकारीलाई कृषि सेवा, सामाग्री तालिम, प्रविधिका साथै कृषि उपजको उचित मूल्य र बजार पँहुचको व्यवस्था, तुलनात्मक लाभहरुको, न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारण अनुरुप कृषि क्षेत्रको बिकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार संचालनका ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ वमोजिम सिम्ता गाउँपालिकाले “कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**
(१) यस कार्यविधिको नाम “कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९” रहेको छ ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।
(३) यो कार्यविधि सिम्ता गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नगागेमा यस कार्यबिधिमाः

(क) “अनुदान” भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलध गराईने रकमलाइ सम्झनु पर्दछ ।

(ख) “अनुदानग्राही” भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक, फर्म, कम्पनी, समूह, सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ग) “कम्पनी” भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(घ) “कार्यक्रम” भन्नाले यस कार्यविधिको दफा ७ मा उल्लेख भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ) “कार्यालय” भन्नाले सिम्ता गाउँपालिका अन्तर्गत कृषि विकास शाखालाई सम्झनु पर्दछ ।

(च) "कृषक समूह" भन्नाले कृषि पेशा मा संलग्न भई मिल्दाजुल्दा समस्या ,आवश्यकता र चाहनाहरु भएका न्यूनकतम १५ –२५ कृषकहरु मिलेर सामूहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उद्धेश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(छ) "फर्म" भन्नाले प्रलित कानुन अनुसार दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्दछ ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

**३. उदेश्यः** यस कार्यविधिको उद्येश्य देहाय बमोजिम हुनेछः

(क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यावसायिकरण गरि आत्मनिभर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कृषि उपजको सरल र सुलभ बजार पँहुच बृद्धि गर्दै आयात प्रतिस्थान गरी निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

(घ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्ने ।

४. **सरोकारवाला निकायहरुः** यस कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ ।

(क) कृषक/फर्म/कम्पनी /समूह/सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम संचालन हुनेछ ।

(ख) कार्यालयले प्रविधि विस्तार तथा कार्यक्रम संचालन गर्नेछ ।

(ग) गाउँपालिकाले कार्यक्रम संचालनको लागि आवश्यक पर्ने विषगत कार्यक्रम अनुसार कार्यालयहरुको समन्वयमा प्रस्तावहरुको र मूल्याङ्कनका सुचक/आधारहरुमा ढाँचा तयार गरी सम्बन्धित शाखालाई निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयमा आईपरेका समस्या समाधान गर्न अनुगमन गरि पृष्ठपोषण गर्न सहयोग गर्नेछ ।

(ङ) अनुदानग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न कृषि सम्वन्धि कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नु पर्नेछ ।

## परिच्छेद–२
## कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि संस्थागत संरचना

**५. यस गाउँपालिकाको संगठन संरचना तथा कर्मचारी व्यवस्थाः**

१. यस गाउँपालिकामा आवश्यकता र प्राथमिकता अनुसार कृषि क्षेत्रको समग्र विकासका लागि कार्य संचालन गर्न गराउन यस गाउँपालिकाले पारित गरेको कार्य विभाजन नियमावली बमोजिम यस गाउँपालिकामा कृषि विकास शाखा, वडा तहमा इकाई वा सेवा केन्द्र स्थापना गरिने छ । कृषि विकास शाखाको काम, कर्तव्य र जिम्मेवारी स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही यस गाउँपालिकाले पारित गरेको कार्य विभाजन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ । त्यस्तै वडा वा सेवा केन्द्र स्तरमा समेत कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न आवस्यक प्राविधिक सेवा सहज एवं प्रभावकारी बनाउनका लागि बहुपक्षीय कृषि प्रसार पद्धतीका लागि यस गाउँपालिकाले आवश्यक संयन्त्र वा इकाईको स्थापना गर्नेछ ।

२. उक्त शाखा तथा वडा तहका संरचना वा सेवा केन्द्रमा कति स्थायी र करारका कर्मचारी रहनेछन भन्ने विषय यस गाउँपालिकाले सर्भे गरि पारित गरेको संगठन संरचना अनुसार हुनेछ ।

३. यस गाउँपालिकाले श्रोत साधनको अधिकतम उपयोग र सहकार्यका लागि अन्य सरकारी, गैह्रसरकारी संघ संस्था तथा निजी क्षेत्रका सेवाप्रदायक सँग साझेदारी गरि कृषि सेवा प्रवाहका लागि आवश्यक संयन्त्र स्थापना तथा तिनको परिचालन गर्नेछ ।

४. यस गाउँपालिकाले आवश्यकता अनुसार स्थानीय कृषि श्रोत व्यक्तिहरुको विकास तथा परिचालन गरि कृषि प्रसार सेवाको बिस्तार गर्नेछ ।

५. कृषि विकास समितिको गठन तथा परिचालन

संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ मा निर्धारण भएका कृषि विकासका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन, आवश्यक कार्यक्रम तर्जुमा, स्थानीय कृषि विकासका नीति नियम, कार्यविधि, मापदण्ड निर्धारण तथा जनप्रतिनिधिहरुको कार्यक्रम प्रति जवाफदेहिता सुनिश्चित गर्न यस गाउँपालिकाले पारित गरेको कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीको अधिनमा रही सामाजिक समावेशिताका आधारमा यस गाँउपालिकामा देहाय बमोजिमको पालिका स्तरीय कृषि विकास समिति रहनेछः-

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) आर्थिक विकास समितिका संयोजक - सदस्य

(घ) अर्थिक प्रशासन शाखा प्रमखु -सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

नोटः गाउँपालिकाका कृषिसँग सम्बन्धित विशेषज्ञ वा अनुभवी कृषक, कृषि क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तिलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

**६.कृषि विकास समितिको काम, कर्तव्य र अधिकारः**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित प्रावधानहरुको परिधिभित्र रही यस गाउँपालिका कृषि विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

**क) नीति निर्माण**

१) कृषि विकास सम्बन्धी स्थानीय नीति, कानून, कार्यविधि, मापदण्ड तर्जुमा गराउन सहजीकरण गरि आवश्यकतानुसार गाउँकार्यपालिका तथा गाउँसभाबाट पास गराउन एवं गराई स्थानीय राजपत्रमा प्रकाशित गर्न र सोको कार्यान्वयनमा सहजीकरण गर्नेछ ।

**ख) कृषि विकास योजना तर्जुमा**

१) गाउँपालिकाको कृषि विकासको प्राथमिकताहरु निर्धारण गर्न कार्यपालिकालाई सहजीकरण गर्ने ।

२) गाउँपालिकाकोरणनैतिक, आवधिक तथा बार्षिक कृषि योजना तर्जुमा गर्न र सोको गाउँसभाबाट अनुमोदन गराउन सहजीकरण गर्ने । योजना तर्जुमा गर्दा सम्बन्धित सबै सरोकारवालाहरुको सहभागिता गराउनका लागि सहजीकरण गर्ने ।

३) महिला तथा बिपन्न वर्ग, व्यवसायीक कृषक लक्षित गरि कृषि विकास कार्यक्रम तर्जुमा तथा सोको कार्यन्वयनमा सहयोग गर्ने ।

४) गाउँपालिकामा कृषि सम्वन्धी सूचना, तथ्यांक राख्न, तिनको विश्लेषण र राजनैतिक निर्णय प्रक्रियामा यस्ता सूचना तथा तथ्यांकको उपयोग गर्न सहजीकरण गर्ने ।

**ग) समन्वय तथा सहकार्य**

१) गाउँपालिकाका विभिन्न समिति तथा उपसमितिहरु लगायत गाउँकार्यपालिका तथा गाँउ सभासँग समन्वय गर्ने

२) कृषि योजना तर्जुमा तथा सोको प्रभावकारि कार्यन्वयनकालागि कृषिमा संलग्न कृषक संघ, संगठन, कृषि सहकारी, विभिन्न सरकारी, गैह्रसरकारी संघ संस्था तथा निजी क्षेत्रहरुसँग समन्वय र सहकार्य गर्ने,

३) कृषि विकाससँग सम्बन्धित कार्यका लागि अन्तरपालिका समन्वय, कृषि विकास निर्देशनालय, प्रदेश तथा संघीय सरकारका कार्यक्रम एवं आयोजनाहरुसँग सहकार्य र समन्वय गर्ने र स्थानीयस्तरमा यस्ता आयोजनाको कार्यान्विनमा सहजीकरण गर्ने,

४) कृषि सम्बन्धी उत्पादन सामग्री जस्तै मल, बीउ आदिको मापदण्ड निर्धारण तथा सो अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने,

५) स्थानीय उत्पादन, प्रांगारिक उत्पादन आदिको सिफारिस तथा आवश्यक प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने,

६) गाउँपालिकामा मुख्य मुख्य कृषिजन्य उपजको विस्तार एवं विविधिकरण र बजारीकरणका लागि यस सँग सम्बन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने,

७) संघ, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यान्वयन र अनुगमनमा संयोजनकारी भूमिका निर्वाह गर्ने,

८) संघ तथा प्रदेशका रणनैतिक प्राथमिकता प्राप्त कार्यक्रमलाई स्थानीय तहको लक्ष्य तथा उपलब्धिसँग जोड्न सहजीकरण गर्ने ।

**घ) बजेट तथा जनशक्ति व्यवस्थापन**

१) कृषि विकासका लागि आवश्यक बजेटको लेखाजोखा, व्यवस्थापन तथा सोको प्रभावकारी परिचालनका लागि कार्यपालिका एवं कृषि विकास शाखा वा सेवा केन्द्रलाई सहयोग एवं सहजीकरण गर्ने गराउने,

२) गाउँपालिकामा कृषि विकास कार्यक्रम संचालनका लागि आवश्यक जनशक्तिको प्रक्षेपण तथा व्यवस्थापन गर्न गाउँकार्यपालिकालाई सहयोग गर्ने ।

ङ) गाउँपालिकाको कृषि विकासका सम्भाव्यता अध्ययन, अनुसन्धान गर्ने गराउने ।

**च) अनुगमन तथा मुल्याङकन**

१) गाउँपालिकाको उपाध्यक्षको संयोकजत्वमा रहेको अनुगमन सम्यन्त्रद्वारा गाउँपालिकामा सञ्चालित बिभिन्न कृषि विकास कार्यक्रमहरुको नियमित रुपमा अनुगमन, उपलब्धीहरुको समीक्षा गरी कार्यपालिका, कृषि विकास शाखालाई राय सुझाव दिन सहजीकरण गर्ने, संयुक्त अनुगमनको आयोजना गर्न सहजीरण एवं सहयोग गर्ने, संघ, प्रदेश तथा अन्य विभिन्न निकायबाट सञ्चालित कृषि विकासका कार्यक्रमको नियमित अनुगमन गरी सम्बन्धित पक्षलाई सुझाव दिने,

२) कृषि विकास शाखामा अनुगमन तथा मूल्यांकन पद्धतीको स्थापना तथा कार्यान्वयनका लागि आवश्यक सहयोग तथा निर्देशन दिने ।

छ) गाउँपालिकामा संचालन हुने साना सिचाई आयोजनाहरुको सम्भाव्यता अध्ययन, सर्भे डिजाइन, निर्माण तथा संचालन कार्यकालागि आवश्यक सहयोग गर्ने ।

ज) संघीय तथा प्रादेशिक सरकारबाट पालिकास्तरमा संचालन हुने सिंचाई कार्ययोजनाहरु प्रभावकारीरुपमा संचालन गर्न आवश्यक सहयोग गर्ने।

**झ) क्षमता अभिबृद्धि**

१) कृषि कार्यक्रमलाई प्रभावकारी संचालन तथा व्यवस्थापनकालागि समितीका पदाधिकारी, कर्मचारीहरु, कार्यपालिका तथा सभाका सदस्यहरुको क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने,

२) कृषि विकास शाखाको क्षमता अभिवृद्धिकालागि गाउँकार्यपालिका, प्रदेश तथा संघ र अन्य निकायसँग समन्वय एवं साझेदारी गर्ने

ञ) कृषि उत्पादन सामग्रीहरुको सर्व सुलभरुपमा उपलब्ध गराउन आवश्यक नीतिगत व्यवस्था गर्न गाउँकार्यपालिका, कृषि विकास शाखालाई सहजीकरण एवं सहयोग गर्ने ।

परिच्छेद - ३

कृषि विकास कार्यक्रमहरुको विवरण

७. कार्यालयको स्वीकृत वार्षीक कार्यक्रम तथा बजेट परिधि भित्र रही देहाय बमोजिमका कार्यक्रम हुनेछन:

| क्र. सं. | कार्यक्रम | मापदण्डहरु | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | बीउ उत्पादन कार्यक्रम (५० प्रतिशत अनुदान ) | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ ।<br>• बीउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ ।<br>• बीउ उत्पादनको बालि लगाउदा प्राविधिक दृष्टिकोणले बालिलाई उपयुक्त क्षेत्र तथा बालि अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने ।<br>• खाद्यन्न, दलहन, तेलहन बालिको हकमा १ हे क्षेत्रफलमा बीउ उत्पादन हुनुपर्नेछ ।<br>• टि.पि.एस. बीउ आलुको हकमा न्यूनतम १ रोपनी र पि.वि. एस. बीउ उत्पादनको लागि न्यूनतम ५०० दाना बीउ उत्पादन हुनु पर्नेछ । उत्पादित बीउ खाने प्रयोगमा ल्याउन पाइने छैन । | बीउ उत्पादनमा प्रयोग हुने मूल बीउ खरिद/ढुवानीमा अनुदान । | बीउ उत्पादनको लागि ल्याइने मूल बीउको परल मूल्य तथा अन्य लागतमा ५० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिने छ । | |
| २ | उन्नत बीउ वितरण (५० प्रतिशत अनुदान) | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने ।<br>• १० रोपनी भन्दा धेरै क्षेत्रका लागि बीउ माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपी अनिवार्य पेश गनुपर्नेछ | बीउ उत्पादनमा प्रयोग हुने उन्नत बीउ खरिद/ढुवानीमा | बीउ उत्पादनका लागि ल्याईने उन्नत बीउमा परल मूल्यमा ५० प्रतिशत अनुदान प्रदान | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ।<br>• बीउ उत्पादनको वालीलाइ हुन सक्ने भौगोलिक अवस्था हुनु पर्ने ।<br>• सुचना भए पश्चात आवश्यक परिमाणको उन्नत बीउ कृषि विकाश शाखामा माग गर्नुपर्ने । | अनुदान । | गर्नसकिने । | |
| ३ | च्याउ तथा मौरी विकास कार्यक्रम (५० प्रतिशत अनुदान ) | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने ।<br>• प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा भौगोलिक अवस्था हुनुपर्ने ।<br>• सूचना भए पच्श्रात आवश्यक परिमाण च्याउ तथा मौरी कृषि विकाश शाखामा माग गर्नुपर्ने । | उत्पादनमा प्रयोग हुने बीउ खरिद तथा उपकरण ढुवानीमा अनुदान । | मौरी घार तथा औजार उपकरण/उत्पादन सामाग्री, च्याउ विउको परल मूल्यमा ५० प्रतिशत अनुदान र ढुवानी १०० प्रतिशत अनुदान प्रदान गर्नसकिने । | |
| ४ | पुष्प विकास कार्यक्रम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ ।<br>• खेतीगर्ने पुष्पको प्रजाति र जात बजारको माग बमोजिम हुनुपर्ने ।<br>• जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता हुनुपर्ने छ ।<br>• बाँझो रहेको खेतियोग्य जग्गालाई प्रथामिकता दिइने ।<br>• व्यावसायिक पुष्प उत्पादनको लागि कम्तिमा १ रोपनी क्षेत्रफलमा उत्पादन हुनुपर्नेछ  तर पुष्प तथा विरुवाको नर्सरी उत्पादनको हकमा कमतिमा ०.५ रोपनी क्षेत्रफलमा हुनुपर्ने छ  । | प्लाष्टिक घर तथा सेड हाउस निर्माण, पम्पसेट मोटर पाइप पोखरी थोपा सिंचाई प्रणाली लगायत सिंचाइ निर्माण, बीउ विजन, वेर्ना तथा कृषि औजार उपकरण खरिदमा अनुदान । | उल्लेखित क्रियाकलापहरु संचालन गर्नेको लागि ५० प्रतिशत अनुदानमा आवश्यक रकम प्रदान गर्नसकिने छ । | |
| ५ | प्रांगारिक कृषि प्रवर्द्धन कार्यकम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ ।<br>• जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार | नर्सरी स्थापना जैविक तथा वानस्पतिक मल | उल्लेखित क्रियाकलापहरु संचालन गर्नको लागी ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्झौता हुनुपर्ने छ ।<br>• बाँझो रहेको खेतियोग्य जग्गालाइ प्राथमिकता दिइने छ ।<br>• प्राङ्गारिक उत्पादनको लागि कम्तिमा ५ रोपनी क्षेत्रफलमा उत्पादन हुनुपर्ने । | तथा विषादी उत्पादन गर्न, जैविक तथा वानस्पतिक विषादी खरिद तथा प्रयोग, भर्मि कम्पोष्ट मल उत्पादन गर्न भकारो सुधार गर्नमा अनुदान । | प्रतिशत वा ३,००,०००।– (तिन लाख रुपैयाँ मात्र) नबढ्ने गरी प्रदान गर्नसकिने । | |
| ६ | स्थानीय तथा रैथाने बाली संरक्षण कार्यक्रम | • बजार योग्य परिमाणमा उत्पादन हुने क्षेत्रमा कम्तीमा १० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने । | बीउमा अनुदानमा तथा वजारीकरण सामाग्री उपकरण (डिजिटल तराजु, वोरा खरिद तथा छपाई वोरा सिउने मेसिन आदि ) रैथाने वालीको प्रशोधनमा सहयोग पुर्याउने साधारण कुटानी पिसानी मेशिन आदिमा अनुदान । | कार्यक्रमको लागि कुल लागतका ५० प्रतिशत वा प्रति हे. अधिकतम १ लाख रुपैयाँ मध्य जुनमा कम हुन आउँछ सो रकम अनुदान प्रदान गर्नसकिने छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | घर बगैचा व्यवस्थापन कार्यक्रम | • कृषक समूह दर्ता भएको हुनुपर्ने ।<br>• ५० प्रतिशत महिला, आदिवासी जनजाती, दलित, विपन्न वर्ग सहभागी भएको कृषक समूहमा संचालन गरिने । | जैविक विविधता प्याकेट /प्याकेज विउ विजन च्याऊ, तरकारी, फलफूलका वोट विरुवा तथा अन्य उत्पादन सामाग्री खरिदमा अनुदान । | कार्यक्रम संचालनको लागी प्रति समूह २५ हजार देखि एक लाख सम्म प्रदान गर्नसकिने छ । | |
| ८ | फलफुल तथा तरकारी प्रवर्द्धन कार्यक्रम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने ।<br>• फलफुलका विरुवा लगाउदा प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा वाली अनुसार कायम हुनसक्ने भौगोलिक अवस्था हुनुपर्ने ।<br>• सूचना भए पश्चात आवश्यक विरुवा कृषि विकाश शाखामा माग गर्नुपर्ने । | फलफुल विरुवा खरिद/ढुवानिमा अनुदान । | फलफुलका विरुवाको परल मूल्यमा ७५–८५ प्रतिशत, (प्याकेजिङ्ग चार्ज मोर्टालिटी र ढुवानी) मा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ । | प्याकेजिङ्ग चार्ज ५-१५ प्रतिशत सम्म खर्च प्रदान गर्न सकिनेछ । |
| | | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने । | तरकारिको बीउ खरिदमा अनुदान । | निशुल्क वितरण गर्न सकिन्छ । | |
| ९ | कौसी खेती विकास कार्यक्रम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने ।<br>• सूचना भए पश्चात कृषि विकाश शाखामा माग गर्नु पर्ने । | कौसी खेतीका लागि आवश्यक बीउ विजन र उत्पादनका सामाग्रीमा खरिद, तालिम अनुदान । | निशुल्क उपलब्ध गर्न सकिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | वेमौषमी तरकारी खेती तथा नविनतम कृषि प्रविधि विकास कार्यक्रम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ ।<br>• प्लाष्टिक टनेल, थोपा सिंचाई, प्लाष्टिक मल्चिङ्ग सिटको लागी सूचना भए पश्चात आवश्यक परिमाण कृषि विकाश शाखामा माग गर्नु पर्नेछ । | प्लाष्टिक टनेल, थोपा सिंचाइ तथा प्लाष्टिक मल्चिङ्ग सिट खरिद/ढुवानीमा अनुदान । | ५०–७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल, थोपा सिंचाइ तथा प्लाष्टिक मल्चिङ्ग सिट उपल्ब्ध गराउन सकिनेछ । | |
| ११ | कृषि आधुनिकीकरणका लागि मेशिनरी उपकरण सहयोग कार्यक्रम (५० प्रतिशत अनुदान) | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ ।<br>• कृषि औजार उपकरणको लागि सूचना भए पश्चात आवश्यक कागजात सहित कृषि विकाश शाखामा आवेदन पेश गर्नु पर्नेछ ।<br>• कम्तीमा १ हे. क्षेत्रफलमा व्यावसायिक खेति गरेको हुनुपर्नेछ । | कृषि औजार उपकरण खरिद तथा वितरणमा अनुदान । | ५० प्रतिशत अनुदानमा कृषि औजार उपकरण उपलब्ध गराउन सकिन्छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | कृषि मेला महोत्सव तथा अन्य दिवश कार्यक्रम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ । | स्टल बुकिङ्ग खर्च, श्रव्य–दृष्य तथा प्रचार प्रसार संचालन, पुरस्कार, प्रमाणपत्र, चिया खाजा र अन्य व्यवस्थापन खर्च | • पुरस्कार गर्दा बढीमा ६ विधामा गर्न सकिनेछ ।<br>• पुरस्कार खर्च प्रथम- ५०००।–, द्वितिय ३०००।–, तृतिय २०००।– र सान्त्वना १०००।– सहित प्रमाणपत्र वितरण तथा सम्मान गरिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | माटो सुधार तथा दिगो व्यवस्थापन | • माटो परिक्षण शिविर १–३ दिनको हुनेछ ।<br>• कम्तिमा १०० वटा नमूना परीक्षण गर्न सकिनेछ ।<br>• माटो शिविर परीक्षण शिविर संचालन गर्नको लागि ५० देखि १०० वटा माटोको नमूना संकलन भएको वा हुने स्थान छनौट गरिने । | • माटो परिक्षण शिविर संचालन गर्न आवश्क रसायन उपकरण र प्राविधिक सेवा उपलब्ध गराउनु पर्ने छ ।<br>• स्थानिय स्तरमा माटो व्यवस्थापन सम्बन्धि तालिम संचालन गर्नु पर्ने छ ।<br>• माटो सुधारको लागी कृषि चुन तथा शुक्ष्म तत्वहरु व्यवस्थापन गर्न सकिनेछ । | • माटोको नमुना परिक्षण निशुल्क गरिनेछ ।<br>• माटो सुधारका लागी कृषि चुन र शुक्ष्म तत्व १०० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । | |
| १४ | रासायनिक विषादी न्यूनीकरण तथा जैविक विषादी प्रवर्द्धन कार्यक्रम | • रासायनिक विषादी न्यूनीकरण गर्नको लागी १५-२५ जना कृषकहरुलाई वाली अवधि भर व्यवहारिक तथा प्रयोगात्मक सिकाइहरु हप्तामा एक पटक गरी वालि अवधिभर सञ्चालन गरिने ।<br>• पाठशाला सञ्चालनको लागि न्यूनतम १ रोपनी क्षेत्रफल हुनुपर्ने । | • स्थलगत कृषक समूह अन्तरक्रिया गोष्टि ३ पटक, स्थलगत तालिम | प्रति कृषक पाठशाला रु १,५०,०००।– लाखका दरले खर्च गर्न सकिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संचालन हप्ताको १ दिन, आवश्यक उत्पादन सामाग्री तथा कृषक पाठसाला दिवस संचालन हुनेछ । | | |
| १५ | साना सिंचाई तथा मर्मत सम्भार कार्यक्रम | • प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडि दर्ता भएका कृषक समूह/कृषि सहकारी संस्था वा निजि फर्म सिंचाई कार्यक्रमवाट कम्तिमा १ हे. क्षेत्रमा क्षेत्र विस्तार हुनु पर्ने । | सोलार सिंचाई, लिफ्ट सिंचाई, नहर तथा सिंचाई कुलो मर्मत संभार, वर्षातको पानी संकलनमा, प्लाष्टिक पोखरी लगायत वहुउपयोगी संचाई प्रणाली आदि । | सचेतना आयोजना निर्माणको लागि खर्च हुने कुल रकममा ८५ प्रतिशत वा अधिकतम रु १,५०,०००।– मध्ये जुन कम आउछ सो रकम अनुदान दिन सकिनेछ । | |
| १६ | व्यवसायिक कृषि फर्म विकास कार्यक्रम | • प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडि दर्ता भएका कृषि फर्महरुले आवेदन दिन सक्ने ।<br>• आवेदन दिएका मध्ये एक वडा एक कृषि फर्म छनौट गरिने ।<br>• बाली वस्तुलाइ प्राथामिकता दिई सञ्चालन गरिनु पर्ने (रेशम च्याउ खेती, तरकारी खेती, अदुवा, वेशार, | कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि वस्तु उत्पादन सिंचाई प्रशोधन तथा बजारीकरण । | प्रति स्वीकृत प्रस्ताव ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ  । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फलफूल खेती -कागती, केरा, मेवा, आँप,लिचि, ड्रागन फट आदि) ।<br>• सूचना अवधि भित्र कृषि व्यवसाय सञ्चालनका लागी माग गरेको आवेदन पत्र हुनुपर्ने ।<br>• वाली तथा फलफुल, पुष्प खेती, नर्सरी उत्पादनको हकमा प्रति प्रस्ताव न्यूनतम ३ रोपनी क्षेत्रफल र च्याउ उत्पादन खेतीको लागी न्यूनतम ५०० गोलामा च्याउ उत्पादन गर्नुपर्ने । | | | |
| १७ | आकस्मिक बाली संरक्षण सेवा | • बालिनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भई सम्बन्धित कार्यालयले छोटो अवधिमा ठूलो क्षती हुने सम्भावना प्राविधिकको समन्वयमा नक्यौल गरी प्रकोप ठहर गरेमा आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गर्नु पर्ने । | आकसमिक बाली संरक्षण कार्यक्रम मा आवस्यक पर्ने विषादी, स्प्रेयर, डस्टर, लगायतका सामाग्री एकिन गरेर खरिद गरी प्रकोप नियन्त्रण गर्न कृषक, कृषक समूह, कृषि फर्म समेत परिचालन गर्न सकिने । | • क्षतिको प्रकार हेरी प्राविधिकको लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।<br>• क्षतिको प्रकृति हेरी कृषक, कृषक समूह वा कृषि सहकारी संस्था र कृषि फर्महरुलाइ १०० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार वितरण तथा सम्मान कार्यक्रम | • व्यावसायिक कृषक सम्मान कार्यक्रमको लागी खाद्यन्न, दलहन, तेलहन वालिका लागी- ८ देखि १५ रोपनी तरकारी, पुष्प तथा मसला बाली- १० कट्ठा, प्लास्टिक घरमा– १००० वर्ग फिट, च्याउ हकमा– ५ देखि १० वटा टनेल, अदुवाको हकमा– १० कट्ठा, फलफूलको हकमा– १० कट्ठा र मौरीपालन को | • सूचना प्रकाशन तथा प्रचारप्रसार, निवेदन संकलन, व्यावसायिक | गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार राशि<br>प्रथम रु. ५०००।–<br>द्बितिय रु. ४०००।–<br>तृतिय रु. ३०००।–<br>सान्तोना रु. २०००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हकमा– ५० घार । | कृषक छनौट तथा गाउँपालिका उत्कृष्ट कृषक सम्मान कार्यक्रम । | (५ जना) | |
| १९ | कृषि बालि भण्डारण प्रविधि व्यवस्थापन कार्यक्रम | • कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, कृषि कम्पनि दर्ता भएको हुनुपर्ने छ ।<br>• उन्नत बीउ प्रयोगका लाीग भण्डारणको गरि भण्डारण क्षति कम गर्नको लागि सूचना भए पश्चात आवश्यक सामाग्री कृषि विकास शाखामा माग गर्नुपर्ने । | • कृषि वाली भण्डारणका लागी आवश्क पर्ने मेटल विन, सुपर ग्रीन व्याग, लगायतका सामाग्री खरिद गर्न सकिने छ । | • १०० प्रतिशत अनुदानमा कृषि वाली भण्डारण सामाग्री उपलब्ध गराउन सकिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | व्यवसायिक कृषक क्षमता अभिवृद्धि तथा स्थलगत घुम्ती तालिम कार्यक्रम | **गाउँपालिका स्तरीय कृषक तालिमः**<br>• पालिकास्तरीय कृषक तालिम ३ देखि ५ दिन सम्म संचालन हुन सक्ने ।<br>• तालिममा सहभागी छनौट गर्दा समूहमा योगदान पुर्याएको आफुले सिकेका कुरा अरुलाइ सिकाउन अग्रसर गाउँको कृषि विकासमा केहि गरौ भन्ने भावना भएको ईच्छुक कृषक हुनुपर्ने ।<br>• तालिममा महिला कृषकहरुलाई प्रथामिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्ने ।<br>• गाउँपालिका स्तरीय तालिममा न्यूनतम २०-२५ जना सहभागी हुनुपर्ने ।<br>• सहभागी मध्ये ५० प्रतिशत (महिला, आदिवासी, जनजाति, दलित) कृषकहरुलाई प्राथामिकतामा राखी सहभागीता हुनुपर्ने छ ।<br>• सूचना भए पश्चात कृषक, कृषक समूह, कृषि फर्म वा कृषि सहकारी संस्थाहरुले कृषि शाखामा आवेदन पेश गर्न सकिने । | • कृषकको माग वमोजिमका विषय वस्तु अनुसारको तालिम संचालन तथा प्रशिक्षक भक्ता, कृषकलाइ यातायात तथा वास खर्च, खाजा खर्च, हाल भाडा, स्टेशनरी खर्च अन्य तालिम व्यवस्थापन खर्च । | • तालिम संचालन खर्च एकमुष्ट रु. १,००,०००।–<br>• प्रशिक्षक भत्ता रु. ७००।–<br>• सेसन कार्यपत्र रु. ८००।–<br>• सेसन चियापान रु. १५०।–<br>• व्यक्ति स्टेशनरी १५०।–<br>• व्यक्तिः तालिम सहयोगी रु. ३००।– प्रति दिन<br>• तालिम व्यवस्थापन ( फोटोकपी, प्रमाणपत्र, व्यानर, प्रतिवेदन, समापन तथा अन्य खर्चको लागी) तालिम प्रकृति अनुसार लागत स्टिमेटका आधारमा | |
| | | **स्थलगत घुम्ती कृषक तालिमः**<br>● स्थलगत घुम्ती कृषक तालिम आवश्यकता हेरी १ देखि ३ दिन संचालन गर्ने सकिने ।<br>● स्थलगत तालिम सबै प्रकारका पकेट, समय सापेक्ष प्रविधि र समस्या भएका स्थानहरुका कृषक समुह, कृषि सहकारी संस्थाले माग गरे बमोजिम संचालन | • कृषकको माग बमोजिमका विषयवस्तु अनुसारको तालिम संचालन तथा | • एक दिने तालिम संचालन खर्चः एकमुष्ट रु. १६,५००।–<br>• पशिक्षक भत्ताः रु. ७००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्न सकिने ।<br>● स्थलगत घुम्ती तालिममा न्यूनतम २० देखि २५ जना सहभागी हुनुपर्ने ।<br>● सहभागी मध्ये ५० प्रतिशत (महिला, जनजाति, दलित) कृषकहरुलाई प्राथामिकतामा राखि सहभागिता हुनुपर्ने । | प्रशिक्षक भत्ता, खाजा खर्च, हलभाडा, स्टेशनरी खर्च, अन्य तालिम व्यवस्थापन खर्च | • कार्यपत्रः रु. ८००।– सेसन<br>• चियापानः रु. १५०/व्यक्ति<br>• स्टेशनरीः रु. १५०/व्यक्ति<br>• तालिम व्यवस्थापन ( फोटोकपी, प्रमाणपत्र , व्यानर, प्रतिवेदन, समापन तथा अन्य खर्चको लागि) तालिम प्रकृति अनुसार लागत स्टिमेटका आधारमा | |
| २१ | बाँझो जग्गा व्यवस्थापन तथा करार खेती साझेदारी सहयोग कार्यक्रम | • जग्गा भाडामा लिई व्यावसायिक खेती गर्ने कम्तिमा १० रोपनी क्षेत्रफलमा तरकारी फलफुल, पुष्प खेती तथा बीउ उत्पादन गर्नुपर्ने ।<br>• कृषक, कृषक समूह, कृषि सहकारी वा कृषि फर्म सूचना आव्हान हुनुभन्दा अगाडि करार सम्झैताको प्रतिलिपि कम्तिमा ५ बर्षको लागि सम्झैता गरेको हुनुपर्ने । | जग्गा भाडा, उत्पादन सामाग्री खरीद, सिचाई गर्दा लाग्ने विधुत महसुल | जग्गा भाडा १०० प्रतिशत उत्पादन सामाग्री खरिदमा १०० प्रतिशत, सिंचाई गर्दा लाग्ने विधुत महसुल १०० प्रतिशत, अनुदान प्रतिबिघा रु. ५० हजार अनुदान उपलब्ध गराउना सकिने छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | सुलभ कर्जा तथा बाली वीमा समन्वय कार्यक्रम | **गाउँपालिकास्तरीय कृषक गोष्ठिः**<br>• सुलभ कर्जा तथा वाली विमा सम्वन्धी स्थानीय तहका कृषक, कृषक समूह, कृषि सहकारी संस्था तथा सरोकारवालाहरु सँग औपचारिक एवं अनौपचारिक रुपमा छलफल तथा समन्वय कायम गर्ने संचालन गरिने । | • बाली विमा तथा सुलभ कर्जा सम्बन्धी सचेतना कार्यक्रम संचालन तथा कार्यपत्र, खाजा खर्च हल भाडा, स्टेशनरि खर्च अन्य तालिम व्यवस्थापन खर्च | • कार्यपत्र प्रस्तुती रु. १,५००।–<br>• प्रस्तुती चियापान तथा खाजा खर्च रु. २००।<br>• प्रतिव्यक्ती स्टेशनरी रु. १५०।–<br>• तालिम व्यवस्थापन ( फोटोकपी, प्रमाण पत्र, व्यानर, पूतिवेदन, समापन तथा तालिम प्रकृति अनुसार लागत स्टिमेटका आधारमा | |
| २३ | कृषिजन्य बाली वस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम | सिल्पोलिन प्लाष्टिक ९०–१२० जि.एस.एम.को हुनुपर्ने | बाक्लो प्लाष्टिक, ग्रिन नेट को प्रयोग | • ९०–१२० जि एस एमको सिल्पोलिन प्लाष्टिक सिटमा बढीमा रू पन्ध्र हजार<br>• ग्रिन नेटः प्रति वर्ग मीटर रू एक सय का दरले अधिकतम रू दश हजार सम्म | |
| २४ | प्लाण्ट क्लिनिक | • नियमित बाली उपचार शिविरः निश्चित स्थानमा नियमित रुपमा आवश्यकता अनुसार एक हप्ता वा पन्ध्र दिन वा महिनाको एक पटक वा खास बालीहरुको समस्यायूक्त समयमा<br>• घुम्ती बाली उपचार शिविरः पालिकाको विभिन्न क्षेत्रहरुको समस्याको आधारमा घुम्ती रुपमा | • नियमित बाली उपचार शिवीर<br>• घुम्ती बाली उपचार शिवीर। | • प्रावधिकबाट सञ्चालन गरीनेः रू पचास हजार,<br>• बाली उपचार शिवीरमा सहभागी हुने कृषकहरुले | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सञ्चालन गरिने<br>• बाली उपचार शिवीर सञ्चालन अवधि एक दिनको हुने । | | | दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट कुनै प्रकारको शुल्क लिईने छैन ।<br>• प्राविधिकबाट सञ्चालन हुने बाली उपचार शिविरः प्रचार प्रसार, एफ एम. तथा पत्रपत्रिका, बाली उपचार शिवीर सञ्चालन सामग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, व्यानर), सुझाव पर्चा, फ्याक्ट सिट छपाई, स्टेशनरी (रजिष्टर, कलम आदी), सहजकर्ता पारिश्रमिक र जैविक/वानस्पतिक/रसायनिक विषादी वितरण खर्चगरी प्रति शिवीर अधिकतम रू पचास हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | तथ्याङक सँकलन बिश्लेषण तथा प्रकाशन | • वार्षिक प्रगति पुस्तिकामा समाबेश गर्नुपर्ने विवरण निर्देशनालयको समन्वयमा तयार गरी प्रकाशन गर्ने र एक प्रति अनिवार्य रुपमा निर्देशनालयमा पेश गर्नुपर्ने ।<br>• गाँउपालिकाबाट प्रकाशन हुने प्रकाशनहरु अनिवार्य रुपमा निर्देशनालयमा एक प्रति पठाउनुपर्ने | • वार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन<br>• बाली नालीको उत्पादन रेकर्ड (क्रप कटिंग)<br>• कृषि र पशुपन्छीमा सलग्न ब्यबसायि, सेवा प्रदायक, उद्योग, उद्यमीहरुको विवरण तथा प्रोफाइल | • वार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन (एकमुष्ट रु दुइ लाख र तीन सय प्रति रंगिन छपाई)<br>• बाली नालीको उत्पादन रेकर्ड (क्रप कटिङ) (प्रति क्रप कटिङ रु तीन सय कृषकलाई दिने)<br>• कृषि र पशुपन्छीमा सलग्न ब्यबसायि/उद्योग/उद्यमीहरुको विवरण तथा प्रोफाइल ( वार्षिक रुपमा एक पटक प्रकाशन गर्न सकिने रु पचास हजार र तीन सय प्रति छपाइ सम्म) | |
| २६ | विषादीको नकारात्मक प्रभाव सम्बन्धी होर्डीङ बोर्ड स्थापना कार्यक्रम | • होर्डीङ बोर्ड मानब चहल पहल बढी हुने स्थानमा राख्नु पर्ने ।<br>• होर्डीङ बोर्डमा लेखिएका अक्षरहरु सहज रुपमा पढ्न सक्ने वा बुझिने हुनुपर्ने । | • होर्डिङ्ग वोर्ड डिजाइन, आर्ट र निर्माण | • रू पन्ध्र हजार प्रति होर्डिङ्ग वोर्ड<br>• ढुवानी तथा कामदार खर्च नियमानुसार । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम | • विगतका आई.पि.एम. कार्यक्रम सञ्चालन भएर उपज उत्पादनमा क्रियाशिल समुह भएका र कृषि उत्पादनका दृष्टिले क्षमतावान पकेट क्षेत्र र आई.पि.एम. उत्पादनलाई बजारीकरणमा समावेश गर्न सकिने क्षेत्रलाई छनौट गरिने ।<br>• कम्तिमा बाली अवधिभरको कृषक पाठशालामा सफलतापूर्वक सहभागी रहेका कृषक र आई.पि.एम. पद्धति अवलम्वन गरेर समुहमा आवद्ध कृषकहरुलाई आधार बनाइने ।<br>• समूह/ संस्था छनौटः आई.पी.एम. कार्यक्रम सञ्चालन  गरी समुहको रुपमा दर्ता भएको वा आई.पि.एम कृषक  समुहको वैधानिक पहिचान प्राप्त गरेको संस्था छनौट गरिनेछ ।<br>• न्यूनतम घरधुरी संख्याः पच्चीस<br>• कम्पनी तथा फर्मको हकमाः रजिष्टर्ड तथा व्यावसायिक फर्म । | • जैविक विषादी उत्पादन सामग्री वितरण | • अधिकतम बजेट सीमाः रू एक लाख<br>• अनुदानः सामग्रीमा असी प्रतिशत ( सामुहिक प्रयोगमा सत्तरी प्रतिशत र फर्म, व्यक्ति तथा कम्पनीमा पचास प्रतिशत)<br>• ड्रम वितरण (२ वटा अधिकतम रू दुई हजारका दरले) चार हजार<br>• हजारी वितरण रू पाँच सय<br>• अन्य एकमुष्ठ रू एक हजार<br>• जम्माः रू पाँच हजार पाँच सय<br>• प्याकेज अनुसार एक कार्यक्रममा २५ जना अगुवा/इच्छुक कृषकहरुमा वितरण गरिने छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | **कृषि बस्तुहरुको उत्पादन स्थल देखि बजार स्थलसम्म ढुवानी अनुदान** | • ढुवानी अनुदान प्राप्त गर्नको लागि मुल सडक/कृषि सडक पुगेको तर उत्पादन स्थल ३ किमि भन्दा टाढा रहेको ।<br>• उक्त उत्पादन क्षेत्र व्यावसायिक पकेटको रुपमा बिस्तार भएको वा हुन सक्ने ।<br>• उत्पादन क्षेत्रमा कम्तिमा १० भन्दा बढि कृषकहरुको उत्पादन भएको र बजारयोग्य परिमाण (कम्तिमा ५०० केजी) मा कृषि जन्य बस्तुहरु उत्पादन भएको। तर अलैंचीको हकमा कम्तिमा ५ जना कृषकले उत्पादन गरेको र बजार योग्य परिमाण कम्तिमा २०० केजी रहेको।<br>• ढुवानी अनुदान प्राप्त गर्ने कृषि जन्य बस्तुहरुको ग्रेडिङ गरि गुणस्तर कायम भएको हुनुपर्ने।<br>• ढुवानी साधनको लागि मानव श्रम वा पशुजन्य साधन (खच्चड/घोडा/गधा/च्याङग्रा) प्रयोग गर्न सकिने।<br>• कृषक आफुले उत्पादन गरि बिक्रि गरेको स्पष्ट परिमाण, गुणस्तर, मिति, स्थान र खरिदकर्ताको बिबरण खुलाई स्थानिय तहको सिफारिस तथा नेपाली नागरिकताको प्रतिलिपि सहित कृषि बिकास कार्यालयमा बिक्रि कार्य गरेको पैंतालिस दिन भित्र निवेदन दिईसक्नुपर्ने।<br>• कार्यालयले प्राप्त निबेदनको स्थलगत अनुगमन गरि भुक्तानीको प्रक्रिया अगाडी बढाउन सकिने।<br>• अन्य मापदण्हरु सम्बन्धित कार्यालयले निर्धारण गर्न सक्ने। | • अनुदान उपलब्ध हुने प्रमुख कृषि बस्तुहरुः कृषि वस्तुहरुः अलैचि, बेसार, स्याउ, सुन्तलाजात फलफुल, किवि, लसुन, अदुवा, प्याज, आलु, बीउ, तरकारी आदि। , बेसार, स्याउ, सुन्तलाजात फलफुल, किवि, लसुन, अदुवा, प्याज, आलु, बीउ, तरकारी आदि। | • सुन्तलाजातः रु ८ प्रति केजी<br>• बेसार/अदुवा, लसुन, प्याज, आलु, किवी, बीउ, तरकारीः रु १० प्रति केजी<br>• अलैंचीः रु १५ प्रति केजी | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | **राहत वितरण कार्यक्रम** | • व्यावसायिक फलफूल तथा तरकारी दुई रोपनी भन्दा बढी भएको हुनुपर्ने ।<br>• स्थानीय तहको जनप्रतिनिधीको रोहवरको मुचल्का र प्रहरी प्रतिवेदन अनिवार्य ।<br>• क्षेती विवरण सहितको प्राविधिक प्रतिवेदन अनिवार्य ।<br>• बजेट व्यवस्था भएमा मात्र राहत उपलब्ध गरिनेछ । साना किसानलाई प्राथमिकता दिइने ।<br>• राहत कार्यलाई छिटो छरितो र प्रभाबकारीरूपमा कार्यान्वयन गर्नका लागि रू पाँच लाख सम्मको क्षतिलाई प्राविधिक मापदण्डमा व्यवस्था गरीएको पालिकास्तरको समितिबाट नै निर्णय गरी भुक्तानी गर्न सकिने ।<br>• कार्यालयमा राहतको लागि आवेदन प्राप्त भएको मितिले तिस दिन भित्र आवश्यक निर्णय गरिसक्नुपर्ने । | • व्यावसायिक फलफूल तथा तरकारीको क्षतीमा राहत<br>• उत्पादन क्षेत्रमा भएको सामुहिक क्षतीमा राहत | • अनुमानित क्षतीको बीस प्रतिशत वा बगैंचाको हकमा विरूवाको मूल्यमा शत प्रतिशत राहत ( आयातित विरूवा बाहेक)<br>• आगामी सिजनको बालीको लागि चाहिने बीउको मूल्यमा पचास प्रतिशत अनुदान | |
| ३० | **व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन** | • उत्पादनमा आधारित अनुदानका लागि गत वर्षको उत्पादन रेकर्ड ।<br>• वडा कार्यालयको सिफारिस ।<br>• संस्थागत हकमा संस्था दर्ताको प्रमाणपत्र तथा उत्पादन रेकर्ड ।<br>• प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि अन्य कुनैपनि कार्यक्रमबाट सेवा प्राप्त नगरेकाहरूलाई मात्र उपलव्ध गराइने । | खेती (खाद्यान्न, तरकारी, फलफूल, मसलाबाली, च्याउ, मौरी, रैथानेबाली वस्तु) प्रोत्साहन अनुदान उपलब्ध। | • तरकारी प्याज समेत, फलफुल, रैथाने बाली वस्तु (फापर, कोदो, चिनो, कागुनो, लट्टे), खाद्यान्न बाली, फलफुल बीउ उत्पादनः ५ रोपनी भन्दा बढीमा प्रति रोपनी रू दुई हजारका दरले बढीमा रू पचास हजार सम्म | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • मौरीपालन: पच्चिस घार भन्दा बढीमा प्रति घार रू एक हजारका दरले बढीमा रू पचास हजार सम्म<br>• फलफुलका कलमी विरूवा: दर्ता भएका नर्सरीहरूलाई संख्या र गुणस्तरका आधारमा नगद प्रोत्साहन अनुदान दिने र प्रति नर्सरी अधिकतम रु एक लाख सम्म दिन सकिने। | |

**परिच्छेद - ४**

**कार्यक्रम संचालन प्रक्रिया**

**७.आवेदन तथा प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची १ को ढाँचा १५ दिनको सुचना प्रकाशन गरी कृषक/निजी फर्म /समूह/सहकारी /कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ ।

**८.आवेदन पेशः** सूचनामा तोकिए बमोजिमको कागजात सहित दफा ५ मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका ईच्छुक आवेदकले अनुसूची- २ बमोजिम निवेदनको ढाँचा सहित कृषि विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

**९. प्रारम्भिक छनौट तथा सिफारिसः** दफा ७ बमोजिम प्राप्त आवेदन उपर सिम्ता गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको अनुगमन समितिको संयोजक, सम्बन्धित वडा अध्यक्षको समन्वय तथा आर्थिक विकास समितिका सदस्यहरु र कृषि शाखाका प्रमुख, प्राविधिकहरु मार्फत स्थलगत अनुगमन गरी छनौट गरिनेछ ।

**१०. सम्झौता प्रक्रियाः** (१) छनौट भएका अनुदानग्राही र कार्यालय बीच स्वीकृत कार्ययोजना बमोजिम शर्तहरुमा सम्झौता गरिनेछ ।

(२) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सपन्न गर्नु पर्नेछ ।

## परिच्छद - ५

## रकम भुक्तानी प्रक्रिया

### ११.भुक्तनी प्रक्रियाः

(१) कार्यक्रम संचालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन । कार्य प्रगति /कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

(२) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयलबाट देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तनी गरिनेछ ।

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चाात खर्च भएको विल भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नु पर्नेछ ।
(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्नु पर्नेछ ।
(ग) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ ।
(घ) सार्वजनिक सुनुवाई गरेको माईन्यूटको प्रतिलिपि संलन्न हुनु पर्नेछ ।
(ङ) कुल लागतमा ३ लाख अनुदानसम्म वा सो भन्दा बढिको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङ्गवोर्ड /सूचना पार्टी राखेको हुनुपर्नेछ ।

(३) कार्यक्रम रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रीम आयकर र पुँजीगत निर्माण कार्यको हकमा नियामनुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचलित कानुन बोजिम खर्च गर्न सकिनेछ ।

परिच्छेद - ६

<u>कार्यक्रम सुपरिवेक्षण अनुगमन र सामान्य व्यवस्था</u>

(१२) **सुपरीवेक्षण तथा अनुगमनः** आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कृषि विकास शाखा र आर्थिक विकास समितिबाट कार्यक्रम सुपेरीवक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिईनेछ ।

(१३) **प्रतिवेदनः** सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक चौमासिक र वार्षिक रुपमा सबन्धित अनुदानग्राहीले कृषि विकास शाखा समक्ष पेश गर्नुपर्नेछ ।

(१४) **कार्वाहीको व्यवस्थाः** सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसँग प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

(१५) **बाधा अड्चन निरुपण र संशोधनः**

(१) यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सोको निरुपण सिम्ता गाउँपालिकाले गर्नेछ ।

(२) यो कार्याविधिको आवश्यक संशोधन गर्नु परेमा सिम्ता गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ ।

## अनुसूची -१
### (दफा –६ संग सम्बन्धित )
### सूचनाको ढाँचा

**प्रथम पटक सूचनाको प्रकाशन मिति**

..............................

कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ अनुसारको सिम्ता गाउँपालिकाका कृषि विकास शाखाका आ.व. ............................को ...................................................................कार्यक्रम अन्तर्गत ........................................... कार्यक्रममा सहभागी हुन ईच्छुक सिम्ता गाउँपालिकाका कृषक/ कृषक समूह/ कृषक समिति/ कृषि सहकारी/ निजी फर्म/ कम्पनीहरुले अधिकतम अनुदान रकम सीमा................................ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले................दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावका साथ पेश पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्न पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचना पाटी/वेभसाइडट website: www.simtsmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :</u>

१. प्रस्तावको सक्कल निवेदन

२. कृषक/ कृषक समूह/ कृषक समिति/ कृषि सहकारी/ निजी फर्म/ कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

३. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

४. गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

५. कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

७. प्रस्तावकले कार्यक्रमको लागी प्रस्ताव स्वकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी

८. प्रस्ताव पेश गर्नेको नागरिताको प्रतिलिपि

९. निर्माण गरिने पूर्वधारको हकमा लागत अनुमान तथा नक्सा

१०. कार्यक्रम संचालनको लागि जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

निवेदक :

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं :

## अनुसूची - २
(दफा–८ सँग सम्बन्धित)
## निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत

विषय : ......................... कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको वारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ............................ मा प्रकाशित गरिएको सूचना अनुसार .......................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको सर्तहरुको अभिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौं/छु ।

संलग्न कागजातहरु :

१. प्रस्तावको निवेदन ।

२. कृषक/ कृषक समूह/ कृषक समिति/ कृषि सहकारी/ निजी फर्म/ कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

३. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

४. गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५. कार्यक्रम संचालनको लागि प्रस्ताव ।

६. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्विकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।

७. प्रस्तावकले पेश गर्नेको नागरिताको प्रतिलिपी ।

८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

९. कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण -पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई काम संचालन गर्नको लागि कम्तीमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

१०. अनुदानग्रहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई बर्ष भित्र अनुदान रकम एक लाख वा सो भन्दा बढी नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने ।

११. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

निवेदक :

दस्ताखत :

नाम :

ठेगाना :

सम्पर्कन :

## अनुसूची -३
## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नाम: जिल्ला: गाउँ:

वडा नं: टोल मोवाईल न.

फर्मको नाम : सञ्चालकको नाम:

१. व्यवसायको परिचय:

२ उदेश्य :

३. कृषि व्यवसायमा अनुभव :

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण :

५. व्यवसाय संचालनका लागी रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७.सहकार्य संचालन गरिने प्रस्तावित कार्य विवरण :

| क.स. | संचालन गरिने क्रियाकलाप | अनुदान रु | निजी लगानि रु | अन्य निकायबाट हुने अनुदान रु | जम्मा लगानी रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

८.संचालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता ( प्रभाव पर्ने वा नपार्ने )

९. उत्पादीत वस्तुको बजार योजना:

१०. थप आधारहरु :

उपलब्ध जग्गाको क्षेत्रफल ...................................

कार्यक्रमको स्पष्टता ........................................

अपेक्षित वार्षिक प्रतिफल :

कार्ययोजना पेश गर्ने :

फर्म/कृषकको नाम :

ठेगाना : जिल्ला ........... गाउँपालिका ..........................वाड नं. ..... टोल

फर्म संचालन गरिने स्थान :

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नाम:

दस्तखत :

पद :

मिति :

## अनुसूची -४

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. जिल्ला:

२. आवेदक सस्थाको नाम:

३. कार्यक्रम सञ्चालन संस्थाको ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. मूल्याङ्कनका आधारहरु:

| क.स. | विवरण | पूर्णाङ्क | प्राताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | सिंचाई सुविधा भएका | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | निजी फर्म/संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा भएको | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | व्यवसाय सम्बन्धि अनुभव | ५ | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र ) | ५ | | |
| ३.१ | ३ दिन अवधी सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखि ७ दिन अवधीसम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १५ दिन अवधीसम्मको तालिम | ४ | | |
| ३.४ | १५ देखि माथिसम्मको तालिम | ५ | | |
| ४ | वित्तीय क्षमता | १० | | |
| ४.१ | स्वयम लगानी गर्न सक्ने | १० | | |
| ४.२ | ऋण मार्फत लगानी गर्न सक्ने | ८ | | |
| ४.३ | लगानी गर्न असक्षम | ६ | | |
| ५ | रोजगारीको अवस्था प्रस्तावित | ५ | | |
| ५.१ | कम्तिमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| ६ | वातावरणीय/सामाजिक उपयुक्तता ( प्रस्तावित ) | १० | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | /सामाजिक प्रभाव आङ्कलन गरिएको | | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुसामेल गरिएको | ३ | | |
| ७ | उत्पादित वस्तुको बजार योजना | १५ | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिच्श्रितता | १५ | | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १२ | | |
| ७.३ | बजारीकरण योजना स्पष्ट भएको | १० | | |
| ८ | व्यावसायिक कार्य योजनाको स्पष्टता (कार्य योजना जलवायु अनुकुल लगानी प्रतिफल र दिगोपान | ३० | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| ९ | खेतीवारीको व्यवस्थापन | ५ | | |
| ९.१ | राम्रो | ५ | | |
| ९.२ | ठीकै | ३ | | |
| १० | शौक्षिक योग्यता | ३ | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथि | ३ | | |
| ११ | बैदेशिक रोजगारीको अनुभव कम्तीमा १ बर्ष | २ | | |
| १२ | घेरावार र संरक्षण भएको वा नभएको | | | |
| १३ | सक्रियता र सिफारिस | | | |
| १४ | अघिल्लो आ.व. मा अनुदान पाएको वा नपाएको | | | |
| जम्मा | | १०० | | |

६. स्थलगत अनुगमणमा भेटिएका अन्य थप विवरण :

क)

ख)

७. स्थलगत अनुगमण टोलिको राय :

| क्र. स. | पद | राय दिनेको नाम थरः | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

## अनुसूची -५

## सम्झौता -पत्र

आर्थिक वर्ष ......./........मा संचालन हुने ....................कार्यक्रमको लागि कृषि विकास शाखा सिम्ता (यस पछि प्रथम पक्ष भनिने ) र छनौट भयका कृषक /समूह /समिति /सहकारी /..... ........ ........(यस पछि दोस्रो पक्ष भनिने ) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम संचालान गर्न संझौता भएकाको छ ।

शर्तनामाहरु :

१.प्रथम पक्षले लागत साझेदारीमा .............................. कार्यक्रमको लागि कुल लागत रु ................ मध्येअनुदान वापत रु .....................दोस्रो पक्षलाई .... .... .... ( अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ) अनुदान / सामग्र सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले वाँकी रकमको व्यवस्था गरी ..... जिल्ला सुर्खेत सिम्ता गाउँ पालिका वडा नं .... मा ...... साल .... महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईष्टिमेट अनुसार सम्पूर्ण कार्यक्रमहरु उच्च गणस्तर कायम राखी संपन्न गर्नेछ ।

४. कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन र ईष्टिमेट, सुपरभिजन, अन्तिम विल र कार्यसम्पन्न लगायतका सबै प्रावित्रिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको नियामनुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसंपन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यक्रमको अनुगमन /निरीक्षण गरि सम्झौता मुताबिक कार्यभए /नभएको हेर्ने र आवश्यक सललाह सुझाव दिन सक्नेछ ।

७.दोस्रो पक्षले कार्यक्रममा संचालन स्थलमा सबैले देखिने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम अनुदान रकम उल्लेखित होर्डिङ्ग वोर्ड राख्नु पर्नेछ ।

८ . कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन मर्मत संभार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा .कम्तिमा चौमासिक अवधिमा कार्यक्रमको प्रगति, उपलब्धी एंव कारोबार सम्बन्धी विवरण प्रथम पक्षलाई अनिवार्य रुपमा उपलध गराउनु पर्नेछ ।

१०.कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्न परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. सम्भौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. द्विपक्षीय सम्झौता मुताबिकको  काम नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षवाट सरकारी बाँकी सरह असुल  उपरको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईष्टिमेट दरभाउ मेशिनरी,उपकरण र अन्य सामान खरिद गर्ने पूर्व प्रथम पक्षसँग स्वीकृत गराइ सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निधारित समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खन्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१४. प्रथम पक्ष र दोस्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन ।

१. प्रथम पक्षले व्यहोर्ने लागत रु . ....................

२. दोस्रो पक्षले व्यहोर्ने लागत रु . ...................

३. अन्य श्रोतबाट प्राप्त लागत . .................

४.केन्टन्जेसी रकम रु ......... ( यो रकम विशषज्ञको परामर्श सेवा संभार र निर्माणकार्यको सुपरभिजन प्राविधिक सेवा हेरालु कार्यक्रम खर्च गर्न सकिनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

| | |
|---|---|
| कार्यालयको छाप : | संस्थाको छापः |
| रोवहवर | रोवहवर |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छाप : | संस्थाको छापः |

इति संवत ........... साल .......... महिना ............गते रोज ........शुभम् ।

नोटः द्विपक्षिय सम्झौतामा आवश्कयता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।

आज्ञाले,

ओम प्रकाश देबकोटा

प्रमुख प्रशासकिय अधिकृत